# लोमन्थाङ राजपत्र

**लोमन्थाङ गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड : (९) लोमन्थाङ, मुस्ताङ, श्रावण ०३ गते, २०८२ साल (संख्या : ५)

# भाग-२

## कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि-२०८२

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०४/०३**

**प्रस्तावना :**

लोमन्थाङ गाउँपालिका कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको र यस गाउँपालिकाका अधिकांश मानिसहरु मुख्य पेशाको रुपमा कृषिलाई अबलम्बन गरेका छन् कृषकहरुलाई उनीहरुले उत्पादन गरेका कृषि उपजहरुको उत्पादनका आधारमा आर्थिक सहयोग गर्दै कृषि पेशामा आकर्षण गर्ने उद्देश्यले कृषि उपजहरुलाई उत्पादन गर्ने कृषक तथा व्यवसायीक कृषकहरु लाई संगठित गरि बजारमा गुणस्तरीय खाद्यान्न बालि ( फापर,उवा ),तेलहन (तोरी), तरकारी (आलु) तथा फलफुल (स्याउ) उत्पादन तथा विक्रि गरे बापत उत्पादन तथा विक्रिका आधारमा अनुदान उपलब्ध गराउने उद्देश्यले लोमन्थाङ गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा "ण" को अधिकारलाई कार्यान्वन गर्न यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम “कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि-२०८२” रहनेछ।
ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।
ग) यो कार्यविधि लोमन्थाङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ।

**२. विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ।
(ख) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।
(ग) "कार्यपालिका" भन्नाले लोमन्थाङ गाउँ कार्यपालिका सम्झनुपर्छ।
(घ) "गाउँपालिका" भन्नाले लोमन्थाङ गाउँपालिकालाई सम्झनुपर्छ।
(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।
(च) "वडा" भन्नाले गाउँपालिकाको वडा कार्यालयहरूलाई सम्झनुपर्छ।
(छ) "अनुदान" भन्नाले गाउँ तथा समाजका विभिन्न क्षेत्रको विकासका लागि गाउँपालिकाबाट कुनै किसान वा कृषि समूहलाई प्रदान गरिने कृषि सामाग्री समेतलाई जनाउने छ।
(ज) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि आफ्नै जग्गामा वा कसैको जग्गा करारमा (भाडामा) लिई कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि सम्बन्धी उद्योग र कृषि फर्म, कृषि व्यवसाय समेतलाई सम्झनुपर्छ।
(झ) "उत्पादक" भन्नाले कृषि बालीबस्तु उत्पादन गर्ने कृषक, समूह, कम्पनी, उद्योग, कृषि फर्मलाई सम्झनुपर्दछ।
(ज) “खाद्यान्न " भन्नाले स्थानीय रैथाने वालिहरु जस्तै उवा, फापर लगायतका खाध्यान्नको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ।
(ट) "तेलहन" भन्नाले स्थानीय तोरी लगायतका तेलको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ।
(ठ) "तरकारी" भन्नाले स्थानीय आलु लगायतका तरकारीको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ।
(ड) “फलफुल” भन्नाले स्थानीय स्याउ लगायतका फलफुलको रुपमा प्रयोग हुने बस्तुलाई जनाउने छ।
(ढ) “कृषक समूह" भन्नाले कृषक कृषक मिलेर बनेको समूह भने बुझिन्छ।

## परिच्छेद २

**३. उद्देश्यः यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ।**

(१) यस गाउँपालिका भित्र (निर्वाहमुखी कृषि कार्य गरिरहेका कृषकहरुलाई थप व्यवसायी बन्न प्रेरित गर्दै गाउँपालिका स्तरीय कृषि उत्पादनमा वृद्धि गराई कृषकहरुलाई उत्पादनमा आधारित अनुदान कार्यक्रम लागू गर्ने।

(२) कृषि उत्पादनको गुणस्तर कायम गरि उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक रुपमा प्रतिष्ठित दिगो आय आर्जनको भरपर्दो श्रोत, विकसित गर्ने।

(३) साना किसानहरुलाई संगठित गरी कृषक समूहमा आबद्ध गराई कृषि उत्पादन वृद्धि गर्ने र उत्पादित कृषि उपजलाई बजारमा बिक्रि गर्ने।

(४) कृषि उत्पादनमा आबद्ध कृषकहरुको मनोबल उच्च बनाई लगानीलाई सुनिश्चितता प्रदान गर्ने।

**४. उत्पादनमा आधारित अनुदान कार्यक्रमका उद्देश्यहरुः**

उत्पादनमा आधारित अनुदानका कार्यक्रम संञ्चालन हुने क्षेत्र देहायअनुसार हुनेछनः

क) खाद्यान्न तर्फः

१. फापर खेति

२. उवा खेति

ख) तेलहन तर्फः

१. तोरी खेति

ग) तरकारी तर्फः

१. आलु खेति

घ) फलफुल तर्फः

१. स्याउ

**५. उत्पादनमा आधारित अनुदान कार्यक्रमका मापदण्डहरुः**

दफा ४ बमोजिमको लगानीका क्षेत्रमा कार्य गरिरहेका देहायक बमोजिमको मापदण्ड पुरा गरेको पाइएमा यस कार्यक्रममा सहभागि गराइनेछ।

क) खाद्यान्न तर्फः

१. फापर खेतिः १ रोपनी क्षेत्रफलमा एक सिजन वालिमा कम्तिमा (१० पाथि ) ४० के.जी फापर उत्पादन भएको हुनुपर्ने।

२. उवा खेतिः १ रोपनी क्षेत्रफलमा एक सिजन वालिमा कम्तिमा (१२ पाथि ) ५० के.जी उवा उत्पादन भएको हुनुपर्ने।

ख) तेलहन तर्फः १ रोपनी क्षेत्रफलमा एक सिजन वालिमा कम्तिमा (८ पाथि ) ३० के.जी तोरी उत्पादन भएको हुनुपर्ने।

ग) तरकारी तर्फः १ रोपनी क्षेत्रफलमा एक सिजन वालिमा कम्तिमा (२० पाथि ) ८० के.जी आलु उत्पादन भएको हुनुपर्ने।

घ) फलफुल तर्फः स्थानीय जातको स्याउ कम्तिमा ५० बोट बाट १५० के.जी भन्दा वढी स्याउ उत्पादन तथा उच्च धनत्वको जातको स्याउ कम्तिमा ३० बोट बाट १०० के.जी भन्दा वढी स्याउ उत्पादन भएको हुनुपर्ने।

## परिच्छेद ३

## आर्थिक तथा संस्थागत व्यवस्था

**६. प्रशासनिकः** प्रशासनिक खर्च तर्फ बिनियोजित बजेटको पाँच प्रतिशतले हुन आउने रकम मात्र प्रशासनिकका लागि खर्च गर्नु पर्ने छ।

**७. अनुदान व्यवस्थापन समितिको व्यवस्था**

| | |
|---|---|
| क. संयोजक | - गाउँपालिका अध्यक्ष |
| ख. सदस्य | - गाउँपालिका उपाध्यक्ष |
| ग. सदस्य | - प्रमुख प्रशासकीय अधिकृत |
| घ. सदस्य | - सम्बन्धित वडाको वडा अध्यक्ष |
| ङ. सदस्य | - आर्थिक प्रशासन शाखा प्रमुख |
| च. सदस्य सचिव | - कृषि विकास शाखा प्रमुख |

**७. अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

क. अनुदान मापदण्डको व्याख्या र छलफल गर्ने ।

ख. आवश्यक परे छुट्टै मूल्यांकन कार्यदल गठन गर्ने।

ग. आवश्यकता अनुसार अनुदानको परिमाण र दर संशोधन गर्ने गराउने।

घ. समय समयमा अनुगमन गरी सम्बन्धित शाखालाई आवश्यक निर्देशन दिने।

## परिच्छेद-४

## कार्यक्रम सञ्चालन प्रकिया र अनुदान रकम

**७. सूचना प्रकाशनः**

सम्बन्धित आर्थिक वर्षको उत्पादनमा आधारित अनुदान कार्यक्रममा आवद्ध हुन इच्छुक कृषकहरूको लागि प्रत्येक आ.व. को पहिलो महिनामा व्यक्तिगत फर्म/समूह/सहकारी मार्फत् आवेदन माग सम्बन्धी १५ (पन्ध्र) दिनको म्याद राखी कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

**८. प्रस्ताव पेश गर्ने :** कृषक समूह र कृषकहरुले तपसिल बमोजिमका कागजातहरुको आधारमा प्रस्ताव पेश गर्नु पर्नेछ।

क. बेहोरा खुलेको निवेदन (अनुसूची ३ बमोजिमको)

ख. प्रस्तावना पत्र (अनुसूची ४ बमोजिमको)

ग. निवेदक लगायत अन्य साझेदार व्यक्तिहरूको नागरिकताको प्रतिलिपि

घ. सम्बन्धित वडा कार्यालयबाट विवरण खुलाइएको सिफारिस पत्र

ङ. लोमन्थाङ गाउँपालिका र अन्य सम्बन्धित निकायमा गरिएको व्यवसाय दर्ता, नविकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

च. कुनै पनि सरकारी निकाय वा संस्थाको कालो सूचीमा नरहेको र पेस भएको प्रस्तावमा समावेश गरिएका सबै कागजात तथा विवरणहरू सत्य छन् भनी सम्बन्धित प्रस्तावकले स्वःघोषणा गर्नुपर्नेछ।

**९. सम्झौता गर्नु पर्नेः**

यस कार्यक्रमको शुरुवातमा पालिकाद्वारा कृषि उत्पादनमा आधारित अनुदान वितरण कार्यक्रममा छनोट भएका कृषक समूह, कृषकहरु र गाउँपालिका बिच अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता हुनेछ।

**१०. अनुदान रकम :**

उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागी कृषक समूह र कृषकहरूलाई स्थलगत रूपमा बालि लगाएको स्थानको अनुगमन पश्चात तथ्याङ्क एकिन गरी सम्बन्धित वडा कार्यालयबाट प्रमाणीकरण भएपश्चात् निम्न बमोजिमका अनुदान उपलब्ध गराईनेछ।

**क) कृषक समूहको हकमाः**

**१. खाद्यान्न र तेलहन खेतिमा अनुदान व्यवस्थाः**

| क्र.स | क्षेत्रफल | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | १० रोपनी | १०,०००। | |
| २ | ११ देखि २० रोपनी | १५,०००। | |
| ३ | २१ देखि ३० रोपनी | २५,०००। | |
| ४ | ३१ देखि ४० रोपनी | ३५,०००। | |
| ५ | ४१ भन्दा माथि | ४५,०००। | |

**२. फलफुल खेति (स्याउ) अनुदान व्यवस्थाः**

| क्र.स | विरुवा संख्या (वटा) | | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| | स्थानीय जात | बर्णशंकर जात (Hybrid) | | |
| १ | ५०० | ३०० | १०,०००। | |
| २ | ५०१ देखि ८०० | ३०१ देखि ५०० | १५,०००। | |
| ३ | ८०१ देखि १००० | ५०१ देखि ७०० | २५,०००। | |
| ४ | १००१ देखि १५०० | ७०१ देखि १००० | ३५,०००। | |
| ५ | १५०१ भन्दा माथि | १००१ भन्दा माथि | ४५,०००। | |

लोमन्थाङ गाउँपालिका

**ख) कृषकको हकमाः**

**१.खाद्यान्न र तेलहन खेतिमा अनुदान व्यवस्थाः**

| क्र.स | क्षेत्रफल | अनुदान रकम | कैफियत |
|---|---|---|---|
| १ | ३ रोपनी | ७,०००। | |
| २ | ४ देखि १० रोपनी | १२,०००। | |
| ३ | ११ देखि १५ रोपनी | २०,०००। | |
| ४ | १६ देखि ३० रोपनी | ३०,०००। | |
| ५ | ३१ भन्दा माथि | ४५,०००। | |

**२.फलफुल खेति (स्याउ) अनुदान व्यवस्थाः**

| क्र.स | विरुवा संख्या (वटा) | | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|
| | स्थानीय जात | बर्णशंकर जात (Hybrid) | | |
| १ | ५० | ३० | ७,०००। | |
| २ | ५१ देखि २५० | ३१ देखि २०० | १२,०००। | |
| ३ | २५१ देखि ५०० | २०१ देखि ४०० | २०,०००। | |
| ४ | ५०१ देखि १००० | ४०१ देखि ९०० | ३०,०००। | |
| ५ | १००१ भन्दा माथि | ९०१ भन्दा माथि | ४५,०००। | |

**११. अनुदानको सीमाः**

यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्नका लागि कुनै कार्यालय तथा संघ संस्था बाट अनुदान प्राप्त कृषक, कृषक समूहले यस कार्यक्रम बाट अनुदान प्राप्त गर्नका लागि न्यूनतम अनुदानको मापदण्डको ३० प्रतिशत उत्पादनमा आधारित अनुदान प्रदान गरिने छ।

लोमन्थाङ गाउँपालिका

## परिच्छेद-५
## विविध

**१२. कारबाहीको व्यवस्था :**अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेस गरेको, उद्देश्य अनुरूप कार्य नगरेको वा अनुदान दुरूपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्तो अनुदानग्राहीलाई कालो सूचीमा समावेश गरी अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

**१३. अभिलेख राख्ने :** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख कार्यालयले राख्नेछ।

**१४. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा उल्लिखित कुराहरूमा कुनै दुविधा भएमा सो को व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ। कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन।

**१५. कार्यविधिमा संशोधनः** यस कार्यविधिमा उल्लेखित कुनै विषय संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

लोमन्थाङ गाउँपालिका

अनुसूची १

<u>दफा ७ संग सम्बन्धित</u>

कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रमको सूचना

मिति....../....../.....

सूचना। सूचना ॥ सूचना ॥

लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालयको आ.व. २०८२/८३ को स्वीकृत कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्न इच्छुक कृषक समूह/कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा तोकियको ढाँचामा विवरण भरी देहाय अनुसारको कागजातहरु र निवेदन सहित यस कार्यालयमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स | अनुदानको क्षेत्र | अनुदान सहयोग क्षेत्र | कैफियत |
|---|---|---|---|
| | | | |

आवश्यक कागजातहरु

१. अनुसुची-३ अनुसारको ढाँचामा निवेदन,

२. अनुसूची-४ अनुसारको प्रस्तावनाको भरिएको ढाँचा,

३. वडा कार्यालयको सिफारिश,

४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

५. कृषक समूहको हकमा कार्यक्रम माग सम्बन्धी समितिको निर्णयको प्रतिलिपि,दर्ता प्रमाण पत्र, कर चुक्ता।,

६. कृषक समूह र कृषकहरुले आफु तथा आफ्नो समूहले पेश गरेका कागजात तथा विवरणको प्रस्तावक द्धारा स्वःघोषणा पत्र।

लोमन्थाङ गाउँपालिका

अनुसुची -२

<u>दाफा ९ संग सम्बन्धित</u>

**संझौता पत्र**

लोमन्थाङ गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यवसायीक र व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्नको लागि तपसिल बमोजिमको शर्तमा पहिलो पक्ष भनिने लोमन्थाङगाउँपालिका र दोश्रो पक्ष भनिने ............................................ कृषक समूह, कृषि फर्म/कृषक विच तपसिल बमोजिमको संझौता शर्तहरुमा राजी भई यस संझौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं।

संझौताका शर्तहरु

१. कृषक समूह र कृषकहरुले आफ्नो बालि बस्तुहरुको उत्पादनको अभिलेखिकरण अनुसूची-६ बमोजिमको ढाँचामा राखि वडा कार्यालयबाट प्रमाणित गर्नु पर्नेछ।

२. अनुदान रकम भुक्तानीको निम्ति कृषि उपज उत्पादनको अभिलेख प्रमाणिकरण र अन्य आवश्यक कागजात कृषक समूह र कृषक समूहले गाउँपालिकामा पेश गर्नु पर्नेछ।

३. कृषक समूह र कृषकद्वारा पेश भएको कृषि उपज उत्पादनको अभिलेख प्रमाणिकरण र अन्य आवश्यक कागजातको आधार मानी कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १० बमोजिम तोकिएका बाली बस्तुमा सोही बमोजिम अनुदान रकम कृषक समूह र कृषकहरुको बैंक खातामा सिधै भुक्तानी गरिनेछ।

४. कृषक समूह र कृषक द्वारा राखिएको कृषि उपज उत्पादनको अभिलेख प्रमाणिकरण गलत वा झुट्टा ठहरिएमा सो कृषक समूह र कृषकलाई पालिकाद्वारा कालोसूचीमा राखि असुल उपर गरिनेछ।

५. उत्पादनमा आधारित अनुदान कार्यक्रममा गाउपालिका बाट कार्यक्रमको अनुगमनमा खटिएका कर्मचारी तथा पदाधिकाहरुलाई आफ्नो उत्पादन क्षेत्रको स्थान तथा उत्पादन देखाउने कार्यमा दोश्रो पक्षले प्रथम पक्ष लाई सहजिकरण गर्नु पर्ने छ।

५. यस सम्झौतामा उल्लेख भएका व्यहोरा यस सम्झौता अनुसार र अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ।

| पहिलो पक्षको तर्फबाट सही गर्ने | दोश्रो पक्षको तर्फबाट सही गर्ने |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क नं | सम्पर्क नं |
| छापः | छापः |

लोमन्थाङ गाउँपालिका

अनुसुची -३
दाफा ८ को (क) संग सम्बन्धित
कार्यक्रम माग निवेदन

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लोमन्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, लोमन्थाङ, मुस्ताङ।

विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश गरिदिनुहुन।

तहाँ कार्यालयको मिति ………………… मा प्रकाशित सूचना अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागि लोमन्थाङ गाउँपालिका वडा नं …….. निवासी/मा रहेको ……………………… कृषक/समूहलाई अनुदान/प्रोत्साहन कार्यक्रममा समावेश गरिदिनुहुन आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछु।

निवेदक
नाम, थर :
पद :
संस्थाको नाम :
ठेगाना :
छाप :
मोबाइल नं :
हस्ताक्षरः

लोमन्थाङ गाउँपालिका

अनुसुची -४

दाफा ८ को (ख) संग सम्बन्धित

<u>प्रस्तावनाको ढाँचा</u>

१.प्रस्तावकको व्यक्तिगत विवरणः

क) नामः

ख) ठेगानाः

जिल्लाःमुस्ताङ गा.पाः लोमन्थाङ गाउँपालिका वडा नं .......... टोल/गाउँ .............

ग) समूह तथा फर्मको नामः..........................................

घ) स्थायी लेखा नम्बर..................................................

ङ) समूह तथा फर्मको ठेगानाः..........................................

च) पारिवारिक विवरण

पुरुष...................महिला.......................जम्मा..............

छ)सम्पर्कः...................................................

ज) अन्य संस्था वा निकायबाट सहयोग प्राप्त गरेको भए सो रकम..........................

२.खेति तथा व्यवसायको हालको अवस्थाः

| क्र.स | वालि/फलफुलको नाम | जात | क्षेत्रफल | बालि लगाएको मिति | उत्पादन लिने मिति | अनुमानित उत्पादन कि.ग्रा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |

लोमन्थाङ गाउँपालिका

अनुसुची -५
दाफा १० संग सम्बन्धित
अनुगमन फारम

**१.प्रस्तावकको व्यक्तिगत विवरणः**
क) नामः
ख) ठेगानाः
जिल्लाःमुस्ताङ गा.पाः लोमन्थाङ गाउँपालिका वडा नं.......... टोल.............
ग) समूह तथा फर्मको नामः.........................................
घ) स्थायी लेखा नम्बर...................................................
ङ) समूह तथा फर्मको ठेगानाः.........................................
च) पारिवारिक विवरण
पुरुष...................महिला.......................जम्मा..............
छ)सम्पर्कः...................................................
**२.संघीय प्रादेशिक तथा अन्य निकाय बाट प्राप्त अनुदान..................................**
**३. खेति तथा व्यवसायमा देखियको अवस्थाः**

| क.स | वालि/फलफुलको नाम | जात | क्षेत्रफल | बालि लागाउने महिना | उत्पादन लिने महिना | अनुमानित उत्पादन किग्रा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

अनुमानित उत्पादन बाली कटानीलाई आधार मानि राखिएको छ।
**अनुगमनको क्रममा देखिएको अवस्थाः**

**सुझावहरुः**
**अनुगमन मितिः**
**अनुगमन कर्ताः**
१.
२.

लोमन्थाङ गाउँपालिका

३.

अनुसुची -६
दाफा १० संग सम्बन्धित
कृषकले भर्ने
<u>बालि/फलफुलको अभिलेख फारम</u>

कृषकको नामः
ठेगानाः
बालि लगाएको स्थानः
बालिको नामः
बालिको जातः

| महिना | बालि हार्भेष्ट गरएको मिति तथा परिमाण | |
|---|---|---|
| | मिति | परिमाण कि.ग्रा |
| श्रावण | | |
| भदौ | | |
| असोज | | |
| कार्तिक | | |
| मंसिर | | |
| जम्मा | | |

लोमन्थाङ गाउँपालिका